**Tribhuvan Journal** Vol. 2 No. 1: 98–105, December 2023; Research Management Cell, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal
**DOI:**https://doi.org/10.3126/tribj.v2i1.60267

# 'ग्रिन टावेल' कथामा यौनमनोविज्ञान

***कमलादेवी न्यौपाने***
*ndkamala4@gmail.com*
*शिक्षणसहायक*
*त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

***Article History:*** *Received 20 May 2023; Reviewed 28 August 2023; Revised 08 October 2023; Accepted 28 November 2023*

**लेखसार**

*प्रस्तुत अनुसन्धानमूलक लेख ग्रिन टावेल कथाको विश्लेषणमा केन्द्रित रहेको छ । शान्ति शर्माद्वारा लिखित प्रस्तुत कथा उनको कथासङ्ग्रह ग्रिन टावेलमा समाविष्ट छ । समकालीन कथालेखनका क्षेत्रमा विशिष्ट आख्यान लेखन क्षमताका कारण विशिष्ट पहिचान बनाएकी शर्माका कथाहरूले समसामयिक समाजका विविध विषयलाई प्रस्तुत गरेको पाइन्छ । मूलतः लैङ्गिकताका विषयलाई केन्द्रमा राखेर कथा सिर्जना गर्ने शर्माले यौन र मनोविज्ञानलाई समेत कथाहरूमा प्रस्तुत गर्ने गरेको देखिन्छ । ग्रिन टावेल कथासङ्ग्रहमा समाविष्ट पन्ध्रवटा कथामध्ये पाँचौँ क्रममा रहेको ग्रिन टावेल शीर्षकको कथा पात्रका मनोदशा र अचेतन मनमा दमित अवस्थामा रहेका अव्यक्त यौन मनोदशा तथा मनोभावनाको प्रकटीकरणका दृष्टिले विशेष देखिन्छ । उनका कथामा यौनमनोविज्ञानको अभिव्यक्ति रहेको कुराको साङ्केतिक चर्चा गरिएको पाइए पनि हालसम्म यौनमनोविश्लेषणका दृष्टिकोणबाट प्रस्तुत कथाको सम्यक अनुसन्धानमूलक अध्ययन हुन नसकेकाले यस कथामा यौनमनोविज्ञानको केकस्तो प्रस्तुति रहेको छ ? भन्ने मुख्य समस्यामूलक प्रश्नमा केन्द्रित रही प्रस्तुत कथालाई अनुसन्धानको मुख्य विषय बनाइएको हो । यौनमनोविज्ञानको सैद्धान्तिक पर्याधारका सापेक्षमा विश्लेषण गरी यस दृष्टिकोणले प्रस्तुत कथामा यौनमनोविज्ञान सबल रहेको निष्कर्ष निकालिएको छ । अनुसन्धानको निष्कर्षमा पुग्नका लागि प्रस्तुत लेखमा पुस्तकालयीय स्रोत सामग्रीलाई प्रयोग गरी प्रायोगिक अध्ययन विधिअन्तर्गत पहिचानात्मक तथा विश्लेषणात्मक विधिलाई उपयोग गरिएको छ । अनुसन्धानबाट प्राप्त सत्यतथ्यका आधारमा यौनमनोविष्लेषणको प्रस्तुतिका दृष्टिले प्रस्तुत कथा महत्त्वपूर्ण रहेको निष्कर्ष निरूपण गरिएको छ ।*

***शब्दकुञ्जी :*** *दुःस्वप्न, इद, इगो, चेतन, अर्धचेतन, अचेतन*

## विषयपरिचय

प्रस्तुत 'ग्रिन टावेल' कथा शान्ति शर्माद्वारा लिखित कथा हो । शर्माका *पहिलो प्रेमिका* (२०६८) कथासङ्ग्रह र *ग्रिन टावेल* (२०७७) कथासङ्ग्रह गरी दुईवटा कृति प्रकाशित छन् । स्नातक अध्ययन गर्दादेखि कथा लेखनमा लागेकी शर्माको पहिलो प्रकाशित कथा 'आमाको माया' हो । साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएकी शर्माको मुख्य आकर्षणको विषय पनि कथा विधा नै देखिन्छ ।

शर्माको 'ग्रिन टावेल' कथा उनको दोस्रो कथासङ्ग्रह *ग्रिन टावेल*मा समाविष्ट छ । यस सङ्ग्रहमा समाविष्ट पन्ध्रवटा कथामध्येको पाँचौँ क्रममा रहेको प्रस्तुत कथा यौनमनोविज्ञानको प्रस्तुतिका दृष्टिकोणले महत्त्वपूर्ण देखिन्छ । मूलतः लैङ्गिकतालाई आफ्ना कथाहरूको कथ्य विषय बनाउन मन पराउने शर्माले कतै पितृसत्ताको प्रभावले दमनमा परेका नारीका पीडा र सङ्घर्षलाई प्रस्तुत गरेको पाइन्छ भने कतै नारी समानतातर्फ उन्मुख हुँदैगर्दा समानताका नाममा पुरुषहरूप्रति भएको अन्यायलाई प्रस्तुत गरेको पाइन्छ । शर्माका सम्पूर्ण कथाहरूको अध्ययनलाई हेर्दा मनोविज्ञान वा यौन मनोविश्लेषण उनका कथाको मुख्य कथ्य नदेखिए तापनि 'ग्रिन टावेल' कथा यौन मनोविज्ञानका दृष्टिले अत्यन्त प्रभावकारी कथाका रूपमा देखापरेको छ । प्रस्तुत कथालाई नै कथासङ्ग्रहको शीर्षकका रूपमा चयन गरेर लेखकले पात्रका यौन मनोदशाको प्रस्तुतिप्रति आफ्नो अभिरुचि रहेका कुरालाई समेत स्पष्ट सङ्केत गरेको देखिन्छ ।

झट्ट हेर्दा सामान्य विषयको अभिव्यक्ति देखिने प्रस्तुत कथामा लामो समयपछि आफ्ना गुरुलाई भेट्न हिँडेकी चेलीको चितवनदेखि काठमाडौं र काठमाडौं कोटेश्वरको यात्रा, त्यस क्रममा सम्झना भएको स्वप्न र दिवास्वप्नलाई प्रस्तुत गरिएको कथाले गुरुको घरमा पुग्दा ढोका लगाएको देखेपछि चेली निराश हुँदै फर्किएको विषयवस्तु कथामा प्रस्तुत गरेको पाइन्छ । गुरुलाई भेट्न जाँदै गरेकी चेलीको गुरुप्रतिको श्रद्धा र स्नेहका सन्दर्भसहित विगतका स्मरणका सन्दर्भसमेत कथामा प्रस्तुत भएको पाइन्छ । गुरु अर्थात् पुरुष र नारी अर्थात् चेलीको विषमलिङ्गीय आकर्षण र त्यसमा अन्तर्निहित यौनचाहनाको अचेतावस्थाको प्रकटीकरण प्रस्तुत कथामार्फत अभिव्यक्त भएको पाइन्छ । यिनै सन्दर्भहरूले प्रस्तुत कथा यौनमनोविज्ञानको अभिव्यक्तिका दृष्टिकोणले महत्त्वपूर्ण छ, परन्तु हालसम्म यस कथालाई यौनमनोविज्ञानको सैद्धान्तिक पर्याधारका सापेक्षतामा अध्ययन विश्लेषण नगरिएको परिप्रेक्ष्यमा 'ग्रिन टावेल' कथामा यौनमनोविज्ञानको केकस्तो प्रस्तुति पाइन्छ ? भन्ने मुख्य प्राज्ञिक समस्यामूलक प्रश्नमा केन्द्रित रही प्रस्तुत कथामा समाविष्ट पात्रका अचेतनावस्थाका यौनमनोदशालाई विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानमूलक समालोचनात्मक लेख शान्ति शर्माको *ग्रिन टावेल* कथासङ्ग्रहमा समाविष्ट कथा 'ग्रिन टावेल'को यौनमनोविज्ञानको विश्लेषणमा केन्द्रित रहेको छ । पात्रका अचेतनावस्थामा दमित यौनमनोभावनाको प्रकटीकरणका दृष्टिकोणले प्रस्तुत कथा महत्त्वपूर्ण रहेकाले यौनमनोविज्ञानको सैद्धान्तिक पर्याधारमा केन्द्रित रहेर समस्याको विश्लेषण गरिएको छ । अतः प्रस्तुत अनुसन्धेय लेखलाई सम्पन्न गर्नका लागि शान्ति शर्माको 'ग्रिन टावेल' कथालाई मुख्य स्रोत सामग्रीका रूपमा चयन गरिएको छ भने आवश्यक अन्य द्वितीय स्रोतसामग्रीको उपयोगका लागि पुस्तकालय स्रोतको प्रयोग गरी प्रायोगिक अध्ययनअन्तर्गत पहिचानात्मक तथा विश्लेषणात्मक विधिको प्रयोगमार्फत अनुसन्धानलाई सम्पन्न गरिएको छ ।

## यौनमनोविज्ञानको सैद्धान्तिक पर्याधार

मनोविज्ञानलाई यौनसँग जोडेपछि यौनमनोविज्ञान बन्दछ । मनोविज्ञानको विषयमा प्राचीन समयदेखि नै प्रत्यक्ष परोक्ष रूपमा विभिन्न तरिकाबाट चर्चा हुँदै आएको भए पनि यसले दर्शन वा विज्ञानको मान्यता भने उन्नाइसौँ शताब्दीमा प्राप्त गरेको देखिन्छ । पाश्चात्य मनोविद् सिग्मन्ड फ्रायडलाई मनोविज्ञानका संस्थापक मानिन्छ । मानवीय मनमा यौनतत्त्वको प्रभाव रहने सन्दर्भ यिनको यौनमनोवैज्ञानिक सिद्धान्तले प्रस्तुत गरेको पाइन्छ । उनले स्थापना गरेको सिद्धान्तलाई फ्रायडवाद वा यौनमनोविज्ञान भनेर चिनिन्छ । फ्रायडले मनोविज्ञानका क्षेत्रमा मूलप्रवृत्तिको सिद्धान्त, मनको सिद्धान्त, दमनको सिद्धान्त, अन्तर्द्वन्द्वको सिद्धान्त, अहम् प्रतिरक्षा रचना (मनोरचना)को सिद्धान्त, सपनासिद्धान्त, मनोलैङ्गिक सिद्धान्तजस्ता अनेक सैद्धान्तिक दृष्टिकोणहरू प्रस्तुत गरेको पाइन्छ ।

फ्रायडले मनोविश्लेषणवादी सिद्धान्तका आधारमा मानिस मूलतः आफ्ना अचेतन र अनियन्त्रित अनैतिक पाशविक स्वभावबाट परिचालित हुने बताएपछि (भण्डारी, २०५८, पृ.१) ज्ञानविज्ञानका विभिन्न क्षेत्रको ध्यान यसतर्फ आकर्षित भएको देखिन्छ । मनलाई अत्यन्त सूक्ष्मताका साथ अध्ययन गरेका फ्रायडले मनका तहलाई आकारात्मक र गत्यात्मक दुई तहमा वर्गीकरण गरेको पाइन्छ । उनले आकारात्मक तहअन्तर्गत चेतन, अर्धचेतन र अचेतन तथा गत्यात्मक तहअन्तर्गत इद, इगो र सुपरइगो गरी तीनतीन तह हुने मान्यता प्रस्तुत गरेको पाइन्छ । फ्रायडले मनलाई पानीमा तैरिरहेको वरफको डल्लोसँग तुलना गर्दै पानीमाथि देखिने दशप्रतिशत भाग चेतन र पानीभित्रको लुकेको नब्बे प्रतिशत भाग अचेतन हुने मानेको पाइन्छ (रेग्मी, २०५०, पृ. ३) । चेतन मन आदर्शवादी नैतिक हुन्छ भने अचेतन मन अराजक र अनैतिक हुन्छ भन्ने फ्रायडको धारणा रहेको देखिन्छ ।

फ्रायडले प्रतिपादन गरेका सिद्धान्तहरूमध्ये सपनाको सिद्धान्तलाई ज्यादै महत्त्वपूर्ण मानिएको छ । कुनै पनि सपना निरर्थक र अनुपयुक्त हुँदैन भन्ने मान्यता प्रस्तुत गर्ने फ्रायडले मान्छेका अतृप्त अचेतन मनका इच्छा सपनाको माध्यमबाट पूर्ति हुने कुरालाई यस सिद्धान्तमार्फत प्रस्तुत गरेको पाइन्छ । त्यसैले सपनाको सम्बन्ध मान्छेको अचेतन मनसँग हुन्छ । अचेतनको सम्बन्ध मनसँग मात्र नरही दिवास्वप्नसँग समेत हुने कुरा मनोविश्लेषणमा बताइएको पाइन्छ (भण्डारी, २०५८, पृ. १०५) । फ्रायडका शिष्य युङ्गले समेत फ्रायडको यस मान्यतालाई समर्थन गर्दै मान्छेका इच्छा वा चाहनामा अवरोध हुँदा ती चाहनाहरू पूर्ति हुने प्रक्रियामा अगाडि नबढी पछाडि हट्ने र सपनाको माध्यमबाट पूर्ति हुने बताएको पाइन्छ (ओझा, सन् १९९४, पृ. २३८) । व्यक्तिले आफ्ना चाहनालाई पूर्ति गर्न नसकेर लुकाउनुपर्ने अवस्था प्रायः अनैतिक लाग्ने विषयमा आधारित हुने हुँदा यसको सम्बन्ध मूलतः यौनजन्य विषयमा केन्द्रित रहने देखिन्छ ।

फ्रायडले मनोविश्लेषणको अध्ययनका क्रममा यौनलाई ज्यादै महत्त्व दिएको पाइन्छ । उनले कला सिर्जनाको उत्पत्ति नै मानवीय वासनाबाट हुने धारणा प्रस्तुत गर्दै मानिसका मनमा निहित कुण्ठित वासना स्वप्न आदि सिर्जनाका माध्यमबाट प्रकट हुने विचार व्यक्त गरेको पाइन्छ (भारद्वाज, सन् २०११, पृ. ५१५) । कामवृत्ति र स्पप्नसिद्धान्तलाई फ्रायडको महत्त्वपूर्ण सिद्धान्त मानिएको छ भने मनका तीन तहको विभाजनमा आधारित मनोविश्लेषणमा उनको देन विशेष महत्त्वको मानिन्छ (त्रिपाठी, २०५८, पृ. १७१) । व्यक्तिमा बाल्यावस्थादेखि नै यौनको प्रभाव पर्ने बताउँदै फ्रायडले त्यसको परिपूर्तिका विभिन्न माध्यम वा आधारको समेत चर्चा गरेका छन् । यस क्रममा कामेच्छामा हुने अवरोधका विविध विकासका माध्यमको चर्चा पनि उनले गरेको पाइन्छ (रेग्मी, २०५०, पृ. ३) । मातृरतिग्रन्थि र पितृरतिग्रन्थिको चर्चा गर्दै फ्रायडले यसको प्रभावले सानैदेखि छोराको आमाप्रति र छोरीको बाबुप्रति आशक्ति हुने कुराको समेत चर्चा गरेको पाइन्छ (गैरे, २०७८, पृ.६१) । यस किसिमको ग्रन्थिको प्रभावका कारण दाजुभाइ दिदीबहिनी लगायतका विषमलिङ्गी त्यस्ता सम्बन्धप्रति यौन आशक्ति उत्पन्न हुन्छ जो ज्यादै नजिक हुन्छन् । त्यस्ता यौनचाहनाहरू सामाजिक दृष्टिले अनैतिक हुनेहुँदा व्यक्ति ती चाहनालाई मूलतः स्वप्नको माध्यमबाट वा दिवास्वप्नको माध्यमबाट पूर्ति गर्ने गर्छ भन्ने मान्यता मनोविज्ञानको देखिन्छ ।

## विमर्श र नतिजा

शान्ति शर्माद्वारा लेखिएको 'ग्रिन टावेल' कथा उनको २०७७ सालमा प्रकाशित *ग्रिन टावेल* कथासङ्ग्रहमा समाविष्ट कथा हो । प्रस्तुत सङ्ग्रहमा शर्माका पन्ध्रवटा कथाहरू समावेश छन् । जसमध्ये 'ग्रिन टावेल' पाँचौं क्रमको कथाका रूपमा प्रस्तुत भएको छ । शर्माका प्रस्तुत सङ्ग्रहका कथाहरूले विभिन्न पात्र र तिनका भिन्नभिन्न मनोदशा र अवस्थालाई प्रस्तुत गरेको पाइन्छ जसमध्ये प्रस्तुत 'ग्रिन टावेल' कथाले पात्रको

यौनमनोदशालाई प्रस्तुत गरेको देखिन्छ । पात्रका मनमा दमित अवस्थामा रहेको यौन मनोदशाको प्रस्तुति रहेकाले प्रस्तुत कथालाई फ्रायडीय मनोविश्लेषण सिद्धान्तका सापेक्षमा विश्लेषण गर्न सकिने देखिन्छ । अतः प्रस्तुत समालोचनात्मक लेखमा 'ग्रिन टावेल' कथालाई फ्रायडले प्रतिपादन गरेको मनोविश्लेषणात्मक सिद्धान्तका आधारमा शीर्षककीकरण गरी विश्लेषण गरिएको छ ।

## "ग्रिन टावेल" कथामा यौन आशक्तिका आधार

प्रस्तुत 'ग्रिन टावेल' कथामा झिनो कथानक रहेको पाइन्छ । चितवनबाट विशेष कामले सात वर्षपछि काठमाडौँ जाँदै गरेकी कथाकी प्रमुख पात्र शर्मिला काठमाडौँमा रहेका थुप्रै आफन्तलाई फोन गऱ्यो भने भेट्नुपर्छ भन्ने झन्झटले फोनसमेत गर्दिन तर गुरुलाई भेट्ने उसको उत्कण्ठा भने तीव्र रूपमा देखिन्छ । शर्मिलाको गुरुलाई भेट्ने यसप्रकारको उत्कण्ठालाई फ्रायडीय दृष्टिकोणबाट हेर्दा पितृरति ग्रन्थिको अभिलक्षणका रूपमा विश्लेषण गर्न सकिन्छ । सात वर्षपछि गुरुलाई भेट्न हिँडेकी शर्मिलाले फोन नगरी हिँड्नु, फोन गर्नुपर्ने हो भन्ने विचार मनमा आए पनि सर्प्राइज दिनेगरी जानु शर्मिलाको विषमलिङ्गीय पितृरतिग्रन्थिको प्रभावका रूपमा देखापर्दछ । कथाको प्रारम्भतिरै जीवनका विगतलाई स्मरण गर्ने क्रममा शर्मिलाले भनेकी छ- "जीवनको यात्रामा कति मानिसहरू जोडिए कति छुट्टिए । तथापि छुट्टिएकै मानिने गुरुचाहिँ मनबाट छुट्टिनै सक्नुभएन खै किन हो" (शर्मा, २०७७, पृ. ५२) । जीवनको यात्रामा भेटिएका मान्छेहरू छुट्टिन्छन् र ती व्यक्तिहरूलाई मान्छेले बिर्सँदै जान्छ परन्तु गुरुलाई भने ऊ बिर्सन सक्दिन । यसको कुनै निश्चित कारण ऊ स्वयंले थाहा नभएको बताउनुले शर्मिलाका अचेतन मनमा गुरुप्रतिको आशक्ति अर्थात् विषमलिङ्गीप्रतिको आशक्तिलाई सङ्केत गरेको देखिन्छ । गुरु शिष्यको सम्बन्धलाई पितापुत्रीको सम्बन्धका रूपमा हेर्ने हाम्रो संस्कार छ भने फ्रायडले पिता पुत्रीका बीचमा समेत विषमलिङ्गीय यौन आशक्ति हुन्छ भन्ने विचार प्रस्तुत गरेको देखिन्छ । त्यस दृष्टिकोणबाट हेर्दा शर्मिलाले सात वर्षपछि काठमाडौँ जाँदैगर्दा अन्य कसैलाई भेट्न नखोज्नु तर गुरुलाई भेट्ने विषयमा भने उसमा तीव्र व्यग्रता हुनु विषमलिङ्गीय आशक्ति हो भन्न सकिन्छ । गुरुलाई भेट्ने शर्मिलाको व्यग्रतालाई कथामा यसरी प्रस्तुत गरिएको पाइन्छ-

> मन त्यसैत्यसै उत्साहित थियो, वर्षौँपछि भेट्न जाँदै छु भनेर । मनमा केही खुलदुलीहरू थिए । भेट्नुपर्ने मान्छेहरू त कति छन् नि तर के गर्नु समय कम छ । फोन गऱ्यो भने झन् रिसाउँछन् । भैगो यसपटक गुरुलाई मात्रै भेटेर फर्कन्छु । (शर्मा, २०७७, पृ. ५२)

शर्मिलाको यस अभिव्यक्तिमा गुरुप्रतिको उसको आशक्तिका दुई महत्त्वपूर्ण पक्ष देखिन्छन् । एक त ऊ गुरुलाई भेट्न जाँदैगर्दा उसका मनमा खुल्दुली हुनु र मन उत्साहित हुनु । आखिर गुरुलाई भेट्न जाँदा यसप्रकारको खुल्दुली र उत्साह हुनुको कारण के हो भन्ने महत्त्वपूर्ण प्रश्न उसको गुरुप्रतिको आशक्तिलाई सङ्केत गर्दछ भने अर्कोतर्फ तमाम आफन्तलाई नभेटेर गुरुकोमै जाने निर्णयले पनि यस कुरालाई पुष्टि गर्दछ । यसपटक गुरुलाई मात्रै भेट्छु भन्ने शर्मिलाको अभिव्यक्ति कथामा महत्त्वपूर्ण छ । यदि शर्मिला अन्य समयमा आउँदा अरुकोमा पस्ने र गुरुकोमा नपस्ने गरेको भए प्रस्तुत अभिव्यक्ति सहज र स्वाभाविक हुने थियो । परन्तु कथामा शर्मिला स्वयंले आफू सातवर्षपछि काठमाडौँ हिँडेको कुरा बताउनु र गुरुलाई नभेटेको सातवर्ष भएको कुरा स्वीकार्नुले यसपटक गुरुलाई महत्त्व दिएको नभई गुरुप्रतिको आशक्तिका कारण काठमाडौँ आएको बेला अरुलाई महत्त्व नदिएर गुरुलाई नै महत्त्व दिएकी हो भन्ने पुष्टि हुने देखिन्छ ।

एउटी युवतीले गुरुलाई महत्त्व दिँदैगर्दा उसको गुरुप्रतिको यौनजन्य अर्थात् विषमलिङ्गीय आशक्ति हो भन्ने कुराका थुप्रै प्रमाणहरू कथामा प्रस्तुत भएको पाइन्छ । त्यसो त शर्मिलाको यसप्रकारको भेट्ने उत्कण्ठा

गुरुप्रतिको श्रद्धाभाव हो भन्ने देखाउन अथक प्रयत्न कथामा भएको देखिन्छ । उसको चेतनस्तरले अचेतनमा दमित उसको कामभावनालाई प्रकट हुनबाट रोक्दै गुरु शिष्य सम्बन्धका आदर्श भावको प्रकटीकरण गर्ने प्रयत्न कथामा भएको पाइन्छ । तथापि अचेतनमा दमित यौनभावनाको प्रकटीकरण पनि कथामा त्यसैगरी नै प्रस्तुत भएको पाइन्छ । फलस्वरूप शर्मिलाको गुरुलाई भेट्ने उत्कण्ठा विषमलिङ्गीय यौनआशक्ति हो भन्ने कुरालाई दर्शाउँछ ।

आफू बसेको ठाउँबाट ट्याक्सी गरेर कोटेश्वरस्थित गुरुकोमा जाँदै गरेकी शर्मिला गुरुकोमा पुग्नुभन्दा पूर्व नै उसको मन गुरुको घरमा पुगेको छ । शर्मिला भन्छे- "मभन्दा पहिले नै मेरो मन पुगिसकेको थियो, गुरुको घरतिर" (शर्मा, २०७७, पृ. ५४) । ऊ ट्याक्सीमै स्मृतिबिम्बमा हराएर गुरुको घरमा पुगेकी छ । यसप्रकारको व्यग्रता आफैमा यौनआशक्तिका रूपमा देखापर्दछ । फ्रायडका सिद्धान्तहरूमध्ये स्वप्न सिद्धान्तका बारेमा विशेष रूपले चर्चा गरेको पाइन्छ र उनका मनोविश्लेषणात्मक सिद्धान्तहरूमध्येको यसलाई महत्त्वपूर्ण मानिएको पाइन्छ । स्वप्नका सम्बन्धमा चर्चा गर्ने क्रममा फ्रायडले व्यक्तिले वास्तविक जीवनमा पूरा गर्न नसक्ने आफ्ना दमित चाहनाहरू स्वप्नका माध्यमबाट पूरा गर्ने बताएका छन् । यस क्रममा दिवास्वप्नको समेत चर्चा गरेको पाइन्छ । प्रस्तुत कथामा अघिल्लो दिन साँझ गुरुलाई सपनामा देख्नु र यात्राका क्रममा दिवास्वप्नका रूपमा पुनः स्मरण हुनुले स्वप्न र दिवास्वप्न कथामा ज्यादै महत्त्वपूर्ण बनेर आएको देखिन्छ । शर्मिलाको गुरुलाई भेट्ने व्यग्रता; त्यस व्यग्रताका कारण शरीरभन्दा मन छिटो गुरुकोमा पुग्नु महत्त्वपूर्ण सन्दर्भहरू स्वप्न र दिवास्पप्नसँग सम्बन्धित बनेर कथामा प्रस्तुत भएका देखिन्छन् । यसका साथै काठमाडौँ उपत्यका भित्रकै छोटो ट्याक्सीयात्राका क्रममा शर्मिला स्मृतिबिम्बमा हराउनु र त्यसक्रममा गुरुसँगका आफ्ना पूर्व सम्बन्धहरूलाई स्मरण गर्नुजस्ता प्रसङ्गले एकातिर उसको गुरुप्रतिको आशक्तिलाई पुष्टि गरेको पाइन्छ भने अर्कोतर्फ जतिजति गुरुका नजिक पुगेकी छ त्यति नै तीव्र रूपमा गुरुप्रतिको आशक्तिमा वृद्धि हुन गई आफ्ना पूर्वसम्बन्धहरूलाई सम्झेर दिवास्वप्न अर्थात् स्मृतिबिम्बका माध्यमबाट त्यो सुखको अनुभव गरेकी छ जो तत्कालका लागि भौतिकरूपमा प्राप्त हुन सकेको देखिँदैन । शर्मिलाको स्मृतिबिम्बमा आएका गुरु शिष्य सम्बन्धका तमाम प्रसङ्गहरूले उनीहरू गुरुशिष्य दुवै एकअर्काप्रति आशक्त थिए भन्ने कुरालाई पुष्टि गरेको पाइन्छ ।

स्मृतिबिम्बमै गुरुका घरमा पुगेकी शर्मिला बिदा भएर हिँड्नका निम्ति उठ्न खोज्दा गुरुले उसका हात समाएर तान्नु र बस्न आग्रह गर्दै "एकैछिन बसन, चिया पिएर जाऊ । बल्लबल्ल त आइछ्यौ । एककप चिया पनि नपिई के जान्छ्यौ त ? कि आज यतै बस" (शर्मा, २०७७, पृ. ५७) भन्ने आग्रहमा गुरुको उसप्रतिको आशक्ति हो भन्ने देखिन्छ । यस अभिव्यक्तिले गुरुशिष्यका बीच एकअर्काप्रतिको आशक्तिलाई सङ्केत गरेको भए तापनि यत्तिका आधारमा नै त्यसको बलियो पुष्टि नहुने देखिन्छ, तर गुरुका आग्रहका क्रममा शर्मिलाले गरेको अनुभवले त्यसलाई गुरुको यौनजन्य आशक्ति नै हो भन्ने कुरालाई प्रमाणित गर्ने बलियो आधार प्रदान गरेको मान्न सकिन्छ । शर्मिला भन्छे- "गुरुका गहिरा आँखामा आज कताकता चञ्चलता नाचिरहेको देखेँ । स्पर्शमा पनि उही पुरानै आत्मीयता भेटेँ मैले । गुरुको स्पर्शले मात्रै पनि आफू धन्य भएकी ठानेँ तैपनि कताकता मलाई सिरिङ्ग करेन्ट लागेको अनुभूति भयो" (शर्मा, २०७७, पृ. ५७) । शर्मिलाको प्रस्तुत अभिव्यक्तिले उनीहरू बीचका पूर्व सम्बन्ध र यौनजन्य आशक्तिका विषयमा बलियो आधार प्रस्तुत भएको मान्न सकिन्छ । एक प्रौढ गुरुले सातवर्षपछि भेट्न आएकी शिष्यलाई हात समातेर बस्न (बासै बस्न) आग्रह गर्दा आँखामा चञ्चलता देखिनुले स्पष्ट रूपमा यौनजन्य सङ्केतलाई बुझाउँछ । गुरुका स्पर्शमा पुरानो आत्मीयता भेट्नु, स्पर्शमात्रले धन्य भएको ठान्नु र सिरिङ्ग करेन्ट लागेको अनुभूति हुनुजस्ता विषयहरूले शर्मिला र उसका गुरुका बीचमा कक्षामा सहभागी

हुँदादेखि नै एकअर्काप्रति आशक्त रहेको र दुवैलाई एकअर्काको मनोभावका बारेमा जानकारी रहेको कुरा पुष्टि गर्दछ । यसलाई पुष्टि गर्ने अर्को पनि प्रसङ्ग कथामा अभिव्यक्त भएको पाइन्छ । स्कुल पढ्दा गुरुले आफूप्रति गर्ने गरेको व्यवहारका विषयमा शर्मिलाले जुन अभिव्यक्ति दिएकी छ, त्यसले गुरु शिष्य विद्यालयतहदेखि नै एकअर्काप्रति आशक्त थिए र त्यो आशक्ति यौनजन्य थियो भन्ने कुरालाई प्रमाणित गर्दछ । शर्मिलाले विद्यालयमा पढाउँदै गर्दा गुरुको आफूप्रतिको व्यवहारका विषयमा भन्छे-

> कक्षामा पढाउने बेलामा उहाँ प्रायः एकोहोरो मैतिर हेर्नुहुन्थ्यो । म लाजले मुन्टो बेन्चमुनि घोप्ट्याउथेँ । म क्लासमा नभएका दिन त्यति मन लगाएर पनि पढाउनुहुन्थेन रे । ... आन्तरिक परीक्षामा सबैभन्दा बढी मेरो नम्बर आउँदा मभन्दा बढी गुरु नै खुसी देखिनुहुन्थ्यो । ल बधाई छ भनेर हात मिलाउनुहन्थ्यो, छुट्टिनै खोज्थेनन् हातहरू पनि । तर अहिले भने एउटै स्पर्शमा जीउभरि सिमलका झैँ भरर्र काँडा उम्रिए । (शर्मा, २०७७, पृ. ५७)

यस अभिव्यक्तिबाट स्कुलमा पढ्दा पढाउँदा शर्मिला र गुरु एकअर्काप्रति तीव्र रूपमा आशक्त थिए भन्ने कुरालाई विभिन्न सन्दर्भले प्रमाणित गरेको पाइन्छ । गुरुले शिष्यलाई बधाई दिन मिलाएको हात छुट्टिनै नमान्नु आफैमा आशक्तिपूर्ण स्पर्शको दृष्टान्तका रूपमा देखापर्दछ साथै पढाउने क्रममा एकोहोरो हेरिरहनु र शर्मिला स्कुल नआएका दिन राम्रोसँग नपढाउनुजस्ता गुरुका क्रियाकलाप, स्वभाव र व्यवहारले गुरुको शर्मिलाप्रतिको आशक्तिलाई पुष्टि गरेको छ । शर्मिलाको गुरुप्रतिको आशक्तिलाई समेत प्रस्तुत कथामा उल्लेख गरिएको छ । सात वर्षपछि चितवनबाट काठमाडौँ जाँदैगर्दा शर्मिलाले अरु कसैलाई नभेटी गुरुलाई भेट्न जानु र गुरुको स्पर्शमात्रले शरीरमा सिमलका झैँ काँडा उम्रिनुजस्ता घटनासन्दर्भले उनीहरू एकअर्काप्रति तीव्र आशक्त रहेको कुरा पुष्टि गर्दछ ।

गुरुको आग्रहलाई स्वीकार गर्दै बसेर शर्मिला चिया पिउँछे । चिया पिएपछि गुरुले सिरानी मुनिबाट एउटा ग्रिन कलरको टाबेलको टुक्रा निकालेर हात पुस्दै शर्मिलालाई देखाएर “शर्मिला यसलाई ठम्यायौ ?” (शर्मा, २०७७, पृ. ५८) । भनी सोध्छन् । धेरै अघि गुरु देवघाट जाँदा नुहाउने टावेल बिर्सिएको, त्यो कुरा उनले शर्मिलालाई सुनाएको र शर्मिलाले गुरुपूर्णिमाका दिन एउटा ग्रिन कलरको टावेल गुरुलाई उपहार दिएकी हुन्छे । शर्मिलाको उपहार ग्रिन टावेल लिँदै गर्दा गुरुका अनुहारमा अधैर्यपन छचल्किनुजस्ता घटनाले उनीहरूबीचको यौनजन्य आशक्तिलाई पुष्टि गरेको पाइन्छ । यो टावेल पुरानो भएर च्यातिँदा पनि मायाको चिनोको रूपमा उनले सिरानीमुनि राखेको देखिन्छ । एउटी शिष्यले उपहार दिएको टावेलप्रति गुरुको यसप्रकारको आशक्ति, शर्मिलाले चिनेर पनि नचिनेझैँ गर्नु र मुस्कुराउनु; प्रत्युत्तरमा गुरुले “...यो च्यातिएर बाँकी रहेको भाग हो । तिम्रो मायाको निशानी” (शर्मा, २०७७, पृ. ५८) भन्नु तथा संवादका क्रममा नै गुरुशिष्य दुवैका आँखा रसाउनु जस्ता अनुभूतिका साथै “धेरै कुरा त मेरा आँखाले नै बोले । धेरै कुरा गुरुका आँखाले बोले । आँखै आँखाको भाकामा कुरा टुङ्गियो । सायद एउटा नजानिदो प्रेमको उच्छ्वास निस्क्यो, हामी दुवैको मुखबाट” (शर्मा, २०७७, पृ. ५८) भन्ने अभिव्यक्तिले उनीहरूबीचको प्रेम र आशक्ति स्कुलतहदेखि नै रहेको र त्यो सधैका लागि अमिट रहेको प्रष्ट हुन्छ । बिदा हुने बेलामा गुरुले गुलाबको रातो फूल टिपेर दिनु र त्यसको प्रतिक्रियामा प्रस्तुत शर्मिलाको मनोभाव “गुरु गुरुमात्र रहनुभएन । अब उहाँ त प्रेमी पनि” (शर्मा, २०७७, पृ. ५९) ले पनि उनीहरूको आशक्तिलाई नै प्रकट गर्दछ । विवाहित र सन्तान ठुलै भैसकेका गुरु र शिष्य शर्मिला बीचको यसप्रकारको आशक्ति यौनजन्य हो भन्ने देखिन्छ । गुरुका कोठाबाट निस्कँदै गर्दा शर्मिलामा गुरु बाहिरसम्म पुऱ्याउन हिँडुन् भन्ने अपेक्षा हुनु तर गुरु आफ्नो ठाउँबाट उठेर सँगै नजानु, गुरुबाट टाढिँदै गरेका शर्मिलाका

पाइला भारी हुनुजस्ता अनुभूतिले पनि गुरुशिष्य बीचका यौनजन्य आशक्तिलाई पुष्टि गरेको पाइन्छ । प्रस्तुत कथामा गुरु शिष्यका यौनआशक्तिका सन्दर्भलाई ज्यादै मिहिन रूपमा प्रस्तुत गरिएको पाइन्छ । बिदा हुँदा पाइला भारी हुनु, छुट्टिन मन नलाग्नुको परिचायक बनेर देखिएको छ भने कुनै वस्तुप्रतिको प्रेमाशक्ति र यौनजन्य आशक्ति रहँदा र नरहँदा देखिने व्यवहारगत भिन्नतालाई समेत कथामा प्रस्तुत गरिएको छ । शर्मिलाले गुरुलाई दिएको ग्रिन टावेलका दुई टुक्रामध्ये शर्मिलाप्रतिको आशक्तिकै कारण उक्त टुक्रालाई जतन तथा सफा गरेर गुरुले सिरानीमुनि राख्ने गरेको देखिन्छ । अर्कातर्फ त्यही टावेलको अर्को टुक्रालाई गुरुमाले पुस्ने पोछा बनाएको जुन ज्यादै मैलो तुल्याएको देखिन्छ । यसबाट प्रस्तुत कथामा कुनै पनि वस्तुप्रति आशक्ति हुँदा र नहुँदाको भिन्नतालाई दर्शाएको पाइन्छ । स्मृतिबिम्बमा प्रस्तुत भएका भावहरूका अन्त्यमा शर्मिलाले भनेकी छ-

> के प्रेमले निथ्रुक्क भिजेको मान्छे पनि यसरी नै जस्ताका तस्तै रहन सक्छ र ? ... मेरो मनमा पनि नजानिदो तरिकाले गुरुप्रतिको प्रेमभाव उब्जियो । ... आखिर मनै त हो, कसले बाध लगाउन सक्छ र चाहेर पनि । तनलाई बाध्न सकिन्छ तर मन ? अहँ पटक्कै सकिन्न । (शर्मा, २०७७, पृ. ५९)

यसरी शरीरभन्दा पहिला मन गुरुकोमा पुग्नेगरी उत्कण्ठापूर्ण तवरले गुरुको घरमा पुग्दा घरको द्वारमा ताला लागेको र गुरु सपरिवार अमेरिका गएको थाहा पाउनाले शर्मिलाको मनस्थिति र त्यसपछि रुँदै फर्कनु, एउटा हरियो कलरको टावेल किनेर ढोका पछाडि झुण्ड्याउनु र गुरुकै बिम्ब देख्नुले शर्मिलाको गुरुप्रतिको आशक्तिलाई स्पष्ट पारेको देखिन्छ । प्रस्तुत कथामा प्रयुक्त यसप्रकारको आशक्तिलाई यौन आशक्ति र पितृरतिग्रन्थिको रूपमा लिन सकिन्छ ।

## निष्कर्ष

शान्ति शर्माद्वारा लिखित 'ग्रिन टावेल' कथा उनको दोस्रो कथासङ्ग्रह *ग्रिन टावेल*मा समाविष्ट पन्ध्रवटा कथाहरूमध्येको पाँचौँ क्रममा रहेको कथा हो । शर्माले आफ्ना अन्य प्रायः कथाहरूमा लैङ्गिक विभेदका विषयलाई उठाउँदै कतै पुरुषद्वारा अन्याय अत्याचारमा परेका नारीहरूका पीडा र कतै नारीद्वारा अन्यायमा परेको पुरुषका पीडालाई अभिव्यक्त गरेकी छन् भने प्रस्तुत 'ग्रिन टावेल' शीर्षकको कथामा यौनमनोविज्ञानलाई प्रस्तुत गरेकी छन् । प्रस्तुत कथामा एकातर्फ फ्रायडका यौनमनोवैज्ञानिक दृष्टिकोणहरूमध्ये अचेतन मनमा दमित अवस्थामा रहेको यौन कुण्ठा र यौनआशक्तिलाई प्रस्तुत गरिएको छ भने अर्कोतर्फ मान्छेले चाहेर पनि पूरा गर्न नसक्ने मनका इच्छा चाहनाहरूमध्ये उसले स्वप्नको माध्यमबाट पूरा गर्छ भन्ने फ्रायडको दृष्टिकोणलाई समेत कथाले प्रस्तुत गरेको छ । फ्रायडले लिबिडो अर्थात् यौनग्रन्थि/यौनआशक्तिको विश्लेषणका क्रममा पितृरतिग्रन्थि र मातृरतिग्रन्थिजस्ता दृष्टिकोण प्रस्तुत गरेका छन् । प्रस्तुत 'ग्रिन टावेल' कथा पितृरतिग्रन्थिको प्रयोग वा प्रभावका दृष्टिले महत्त्वपूर्ण छ । प्रस्तुत कथामा पिता समानका गुरु र छोरी समानकी शिष्य शर्मिला बीचको यौनजन्य आशक्तिलाई प्रस्तुत गरिएको छ । यसलाई विषमलिङ्गीप्रतिको आशक्तिका रूपमा चित्रण गरिएको छ । कथामा चेतन र अचेतनका बीच तथा सुपरइगो इदका बीचको द्वन्द्व पनि देख्न सकिन्छ । शर्मिलाले आफ्ना र गुरुका बीचको अन्तर्सम्बन्धका बारेमा अभिव्यक्ति दिने क्रममा सम्बन्धको आदर्शरूप प्रस्तुत गर्ने प्रयत्न गरेकी छ । यस प्रयत्नले उसका मनको चेतन तथा सुपरइगोको अवस्थालाई दर्शाएको छ भने अर्कोतर्फ अवस्था र मनस्थितिका विषयमा बताउँदै जाने क्रममा गुरुमा पनि शर्मिलाप्रति पूर्णतः आशक्ति छ भन्ने स्पष्ट भएको छ जो गुरुका अचेतनमा दमित यौनभावना हो भने शर्मिलामा पनि गुरुप्रति तीव्र आशक्ति छ भन्ने स्पष्ट देखिएको छ । कथामा फ्रायडको स्वप्नमनोविज्ञानलाई ज्यादै प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । सात वर्षपछि काठमाडौँ पुगेकी शर्मिलाले अन्य आफन्तजनलाई नभेटेर

गुरुलाई नै भेट्ने चाहना गर्नु गुरुप्रतिको आशक्ति हो । गुरुलाई भेट्न जानुभन्दा एक दिन अघि सपनामा गुरु र आफूबीच स्कुल पढ्दाका ती घटनाहरूलाई देखेकी छ जुन घटना मूलतः शर्मिला र गुरु एकअर्काप्रति आशक्त छन् भन्ने कुरालाई पुष्टि गर्दछ । त्यतिमात्र नभै गुरुकोमा हिँडिसकेपछि ट्याक्सीमा पनि स्मृतिबिम्बमा त्यही सपना आउनु अचेतनका इच्छा स्वप्नबिम्बका रूपमा प्रकट हुनु आदि आशक्तिका प्रमाण हुन् । गुरुकोमा पुग्दा उनी सपरिवार अमेरिका गएको थाहा पाएर रुँदै फर्केको र ग्रिन टावेल किनेर ढोकापछाडि झुन्ड्याएको; त्यस टावेलमा गुरुको प्रतिबिम्ब देख्ने गरेको सन्दर्भले प्रस्तुत कथा यौनमनोविज्ञानका दृष्टिले सबल र शक्तिशाली छ भन्ने कुरालाई प्रमाणित गर्दछ ।

## सन्दर्भसूची


ओझा, आर.के (सन् ११९९४). *मनोविज्ञानके सिद्धान्त एवं संप्रदाय* तृतीय संस्क.. विनोद पुस्तक मन्दिर ।

गैरे, शंकरप्रसाद (२०७८). 'फ्रायडका मनोवैज्ञानिक सिद्धान्तहरू' *ज्ञानदीप.* (८, ४) पृ. ५०-६३ ।

त्रिपाठी, वासुदेव (२०५८). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २* तृतीय संस्क.. साझा प्रकाशन ।

भण्डारी, कृष्णप्रसाद (२०५८). *फ्रायड र मनोविश्लेषण* दोस्रो संस्क.. साझा प्रकाशन ।

भारद्वाज, मैथिलीप्रसाद (सन् १९११). *पाश्चात्य काव्यशास्त्रके सिद्धान्त* तृतीय संस्क.. हरियाणा साहित्य अकादमी ।

रेग्मी, मुरारीप्रसाद (२०५०). *मनोविश्लेषणात्मक समालोचना (समसामयिक उपन्यास खण्ड)* दोस्रो संस्क.. साझा प्रकाशन ।

शर्मा, शान्ति (२०७७). *ग्रिन टावेल.* शिखा बुक्स ।